# "चौतारा साँगाचोकगढी नगरपालिकाको जलश्रोत ऐन, २०७९"

**प्रस्तावना :**

नेपालको संविधान २०७२ को अनुसूचि-८ बमोजिमको एकल अधिकार सूचि, स्थानीय सरकार संचालन ऐन, २०७४ को (परिच्छेद ३) दफा ११ उपदफा (२) ट (१) र ध (१) ले दिएको अधिकार प्रयोग गरी यस चौतारा साँगाचोकगढी नगरपालिका क्षेत्र भित्रको खानेपानी, सिंचाइ आयोजना निर्माण, संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यलाई व्यवस्थित रुपले संचालन गर्नका लागि सोही ऐनको दफा १०२ मा भएको व्यवस्था बमोजिम यो "जल उपभोक्ता समिति दर्ता सम्बन्धि ऐन, २०७९" तर्जुमा गरी मिति २०७९/०३/२९ गतेको चौतारा साँगाचोकगढी नगरपालिकाको नगर सभाको वैठकबाट स्वीकृत गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो ऐनको नाम "जलश्रोत उपभोक्ता समिति दर्ता सम्बन्धि ऐन, २०७९ रहेको छ ।

(ख) यो ऐन चौतारा साँगाचोकगढी नगरपालिकाको नगर सभाको वैठकबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो ऐनमा :

(क) **"जलश्रोत उपभोक्ता समिति"** भन्नाले प्रचलित ऐन, दफा बमोजिम चौतारा साँगाचोकगढी नगरपालिका क्षेत्र भित्र रहेका जलश्रोतको सदुपयोग गरी खानेपानी, सिंचाई आदिको निर्माण गरी सामूहिक हितको लागि कार्य गर्ने गरी गठन भएको जल उपभोक्ता समितिलाई सम्झनु पर्छ । सो शब्दले चौतारा साँगाचोकगढी नगरपालिका भित्रका जलश्रोत उपभोक्ता समितिलाई जनाउँछ ।

(ख) **"अध्यक्ष भन्नाले"** दफा (२) क बमोजिम गठन भएको जलश्रोत उपभोक्ता समितिको अध्यक्षलाई जनाउँदछ ।

(ग) **"सदस्य तथा अन्य पदाधिकारी भन्नाले"** दफा (२) क बमोजिम गठन भएको जलश्रोत उपभोक्ता समितिको सदस्यहरु तथा पदाधिकारीहरुलाई जनाउँदछ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत भन्नाले"** चौतारा साँगाचोकगढी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) **"वडा"** भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको वडा कार्यालय सम्झनु पर्दछ ।

(च) **"कार्यालय"** भन्नाले चौतारा साँगाचोकगढी नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ । सो शब्दले चौतारा साँगाचोकगढी नगरपालिका भित्रका वडा कार्यालय समेतलाई बुझाउँदछ ।

(छ) **"स्थानीय तह"** भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकालाई सम्झनु पर्दछ ।

**३. <u>चौतारा साँगाचोकगढी नगरपालिकाले जलश्रोत उपभोक्ता समिति दर्ता गर्न सक्ने :</u>**

(१) नेपालको संविधान, २०७२ को अनुसूचि-८ मा एकल अधिकारको सूचिमा भएको व्यवस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (२) ट (१) र

ध (१) को अधिनमा रहि चौतारा साँगाचोकगढी नगरपालिका क्षेत्र भित्रका जल श्रोतको उपयोग गरी खानेपानी र सिंचाई आयोजनाको निर्माण गरी स्थानीय श्रोत र साधनको समुचित सदुपयोग गर्नको लागि चौतारा साँगाचोकगढी नगरपालिकाले जलश्रोत उपभोक्ता समिति दर्ता गर्न सक्नेछ ।

४. **जलश्रोत उपभोक्ता समितिले अपनाउँनु पर्ने कार्यविधि :**

दफा ३ को उपदफा (१) बमोजिम जलश्रोत उपभोक्ता समिति दर्ता गर्नको लागि जलश्रोत उपभोक्ता समिति दर्ता गर्न ईच्छुक समूह वा जलश्रोत उपभोक्ता समितिले देहाय बमोजिमको प्रक्रिया पुऱ्याउनु पर्नेछ :-

(क) खानेपानी र सिंचाई आयोजना निर्माण गर्दा सम्बन्धित वडाका अध्यक्ष वा सदस्यको उपस्थितिमा सो क्षेत्रका लाभान्वित घर परिवार र स्थानीय समुदायको भेलावाट जलश्रोत उपभोक्ता समिति गठन गर्नु पर्दछ ।

(ख) खण्ड (क) बमोजिम गठन भएको जल उपभोक्ता समितिले खानेपानी र सिंचाई आयोजनाको संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा परियोजनावाट लाभान्वित जनसंख्या, कार्य क्षेत्र, उद्देश्य, समितिको निर्वाचन प्रणाली, पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार लगायतका विषयहरु समेटी दुई प्रति विधान तयार गरी सम्बन्धित समितिवाट अनुमोदन गराउनु पर्दछ ।

(ग) खण्ड (क) बमोजिम गठन भएको जलश्रोत उपभोक्ता समितिले खानेपानी र सिंचाई आयोजना दर्ता गर्न सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूचि -१ बमोजिमको ढाँचामा भएको व्यहोराहरु स्पष्ट खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष **निवेदन दिनु पर्नेछ ।**

५. **सूचना जारी गर्ने :**

(१) दफा (४) खण्ड (ग) बमोजिम जलश्रोत उपभोक्ता समिति दर्ता गर्नको लागि पेश भएका निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयले जलश्रोत उपयोग गर्ने सम्बन्धमा कोही कसैको दावी विरोध भए नभएको सम्बन्धमा अनुसूचि -२ बमोजिमको ढाँचामा ३५ दिन सम्म दावी विरोधको समयावधी रहेको सूचना जारी गर्नु पर्दछ ।

(क) दफा ५ को उपदफा (१) बमोजिमको सूचनामा देहायको विषयहरु उल्लेख भएको हुनुपर्दछ ।

(१) जलश्रोत उपभोक्ता समितिको नाम, ठेगाना

(२) जलश्रोतको उपयोग सम्बन्धि विवरण

(३) जलश्रोत रहेको स्थान तथा मुहान

(ख) उपदफा (१) मा उल्लेख भएको अनुसूचि -२ बमोजिमको सूचना चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालय र सम्बन्धित वडा कार्यालयले सूचना पाटीमा अनिवार्य रुपमा टाँस गर्नु पर्ने छ र सम्बन्धित वडा कार्यालयले सूचना टाँस गरेको जानकारी नगरपालिकालाई दिनुपर्नेछ ।

## ६. चौतारा साँगाचोकगढी नगरपालिका जलश्रोत समिति :

(१) नगरपालिका क्षेत्र भित्रका जल उपभोक्ता समितिहरुको दर्ता सिफारिस, अध्ययन र अनुगमन समेत गर्नको लागि देहाय बमोजिमको चौतारा साँगाचोकगढी नगरपालिकाको जलश्रोत समिति रहने छ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | - संयोजक |
| (ख) नगर उपप्रमुख | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख | - सदस्य |
| (ङ) पूर्वाधार विकास शाखा प्रमुख | - सदस्य |
| (च) योजना शाखा प्रमुख | - सदस्य |
| (छ) प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

## ७. समितिको काम, कर्तव्य र अधिकार :

चौतारा साँगाचोकगढी नगरपालिकाको जलश्रोत समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) चौतारा साँगाचोकगढी नगरपालिका भित्रका जलश्रोत र जल सम्पदाहरुको पहिचान गर्ने ।

(२) जलश्रोत उपभोक्ता समिति दर्ताका लागि पेश भएका निवेदनहरुको अध्ययन गरी दर्ताका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने ।

(३) जलश्रोत उपयोग गर्ने सम्बन्धमा उत्पन्न भएका समस्याहरु समाधान गर्ने ।

(४) चौतारा साँगाचोकगढी नगरपालिका नगर कार्यपालिकाले तोकेको अन्य कार्यहरु गर्ने ।

## ८. समितिको वैठक :

चौतारा साँगाचोकगढी नगरपालिका जलश्रोत समितिको वैठक आवश्यकता अनुसार बस्ने छ र वैठक बसे बापत संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले निर्धारण गरे बमोजिमको वैठक भत्ता प्रदान गरिने छ ।

## ९. जलश्रोत उपभोक्ता समिति दर्ता तथा नविकरण :

चौतारा साँगाचोकगढी नगरपालिका भित्र रहेका जल उपभोक्ता समिति चौतारा साँगाचोकगढी नगरपालिका नगरकार्यपालिका नगर सभावाट स्वीकृत दर बमोजिमको शुल्क बुझाई नगरपालिकाको कार्यालयमा दर्ता र प्रत्येक आ.व.को असोज मसान्त भित्र नविकरण गर्नु पर्नेछ

## १०. जलश्रोत उपभोक्ता समिति दर्ता गर्ने :

(१) दफा (५) बमोजिम जलश्रोत उपभोक्ता समिति दर्ता गर्नको लागि जारी भएको दावी विरोध सम्बन्धि पैंतिस दिने सूचनाका सम्बन्धमा सम्बन्धित वडा कार्यालयवाट जलश्रोत उपभोक्ता समिति दर्ता गर्ने प्रयोजनको लागि कोही कसैको दावी विरोध नभएको भनि पत्र दिए पश्चात् मात्र जलश्रोत उपभोक्ता समिति दर्ता गर्नको लागि चौतारा साँगाचोकगढी नगरपालिका नगर जलश्रोत समिति समक्ष फाईल पेश गर्नुपर्दछ ।

(२) चौतारा साँगाचोकगढी नगरपालिका जलश्रोत समितिले उपदफा (१) बमोजिम पेश भएका फाईलहरुको अध्ययन गरी जलश्रोत उपभोक्ता समिति दर्ता गर्नको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नुपर्नेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले उपदफा (२) बमोजिम सिफारिस भएका चौतारा साँगाचोकगढी नगरपालिका जलश्रोत उपभोक्ता समिति दर्ता गरी अनुसूचि-३ बमोजिमको ढाँचामा समिति दर्ता गरी प्रमाण-पत्र प्रदान गर्नुपर्नेछ ।

**११. खारेजी तथा बचाउ :**

यो ऐनका दफाहरु संघीय कानून, प्रदेश कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वत खारेज हुनेछ र आवश्यकता अनुसार चौतारा साँगाचोकगढी नगरपालिकाको नगर कार्यपालिकाले परिमार्जन, संशोधन तथा थपघट गर्न सक्नेछ ।

(अनुसूची -१)

# निवेदन -पत्र

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक ।

महोदय,

हामीले जलश्रोत उपभोक्ता समिति गठन गरी दर्ता गर्न चाहेको स्थानीय सरकार संचालन ऐन, २०७४ को ( परिच्छेद-३) दफा २ ट र ध मा भए बमोजिम जलश्रोत उपभोक्ता समिति दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता समितिको विधान तथा खानेपानीको लागि रु ५,०००।- (अक्षरुपी : पाँच हजार रुपैंया मात्र) सिँचाईको लागि रु १०,०००।- (अक्षरुपी : दश हजार रुपैंया मात्र) दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरण :

१. उपभोक्ता समितिको नाम :

२. कार्य क्षेत्र :

३. उद्देश्यहरु :

क)

ख)

ग)

४. जलश्रोत उपभोक्ता समितिका सदस्यको नाम ठेगाना पेशा

क)

ख)

ग)

घ)

ङ)

च)

छ)

ज)

झ)

५. उपयोग गरिने जलश्रोतको विवरण :

क) जलश्रोतको नाम र सो रहेको ठाउँ :

ख) जलश्रोत बाट गरिने प्रयोग :

ग) उपभोक्ता समितिले गर्न चाहेको जलश्रोतको परमाण :

घ) उक्त जलश्रोतको हाल भई रहेको उपयोग :

६. उपभोक्ता समितिले पुचाउन चाहेको सेवा सम्बन्धि विवरण :

क) सेवाको किसिम :

ख) सेवा पुचाउने क्षेत्र :

ग) सेवा वाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :

घ) भविष्यमा सेवा निरन्तर गर्न सकिने सम्भावना :

७. आर्थिक श्रोतको विवरण :

(क)

(ख)

८. कार्यालयको ठेगाना :

निवेदक :

सहि :

नाम :

पद :

(अनुसूचि -२)

**स्थानीय सरकार**

# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## चौतारा, सिन्धुपाल्चोक

चलानी नं. : मिति :

**सूचना**

सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गत देहायको जलश्रोत समिति दर्ताको लागि यस कार्यालयमा निवेदन पेश हुन आएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) ट र ध मा भएको व्यवस्था बमोजिम जलश्रोत उपभोक्ता समिति दर्ता प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त सम्बन्धमा कुनै दावी विरोध भए आजका मितिले ३५ दिन भित्र यस कार्यालयमा पेश गर्न सर्वसाधारणको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

१. समितिको नाम :

२. ठेगाना :

३. उद्देश्य :

४. मुहानको नाम :

**सूचना जारी गर्ने अधिकारी**

दस्तखत :

नाम, थर :

पद : प्रमुख प्रशासकीय अधिकृत

**"जलश्रोत उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०७९"**

(अनुसूचि - ३)

**चौतारा साँगाचोकगढी नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

चौतारा, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

# जलश्रोत उपभोक्ता समिति/मुहान दर्ता प्रमाण-पत्र

दर्ता नं. दर्ता मिति :

श्री.........................................

...............................................

स्थानीय सरकार सचालन ऐन, २०७४ को (परिच्छेद-३) दफा ११ (२) ट र ध मा भएको व्यवस्था बमोजिम सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. .......... मा खानेपानी/सिंचाईको लागि ........................................................................................ उपभोक्ता समिति यस चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयमा दर्ता गरी यो प्रमाण - पत्र प्रदान गरिएको छ ।

**प्रमाण-पत्र जारी गर्ने अधिकारीको**

सही :

नाम, थर :

पद :

मिति :

| सि.नं. | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर रसिद नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |